# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, असार ३ गते २०४२ साल (संख्या १०

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी परोपकार श्री ५ इन्द्र राज्य-लक्ष्मी देवी प्रसूति गृहले जर्मन-नेपाल सहायता सङ्घबाट चन्दास्वरूप प्राप्त गरेको डी. एम. १४, ४००।– मूल्य बराबरको सोनोलिन मेशिनको स्पेयर पार्टस्‌मा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पश्चिम क्षेत्रीय आवासीय प्रहरी प्राथमिक विद्यालय दुलेगौडा तनहुँले नेपाल आएको पर्यटकले कार्ने अन्तर्गत ल्याएको मर्सडिज बेन्ज कम्पनीको च्यासिस नं. ३०९४२५–१०–२९९३२४ इञ्जन नं. ३१४९४८–१०–७६६०७ को बस थान १ (एक) खरीद गरेकोले सो बसको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।